# आरुघाट गाउँपालिका

## स्थानीय राजपत्र

भाग-२ खण्ड: ५ संख्या :९

पारित भएको मितिः २०८०/०८/२५

प्रकाशन मितिः २०८०/०८/२६


# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

आरुघाट गाउँपालिका, गोरखा

# कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको र यस गाउँपालिकाको मूख्य आर्थिक क्षेत्रको रुपमा रहेको कृषि व्यावसायलाई व्यवस्थित, आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण र बजारीकरण गरी विकसित तुल्याउन र मानव समुदायको आर्थिक वृद्दि गर्न, स्वास्थ्यका दृष्टिकोण समेत बाट कृषिजन्य पदार्थ तथा कृषि उत्पादन सामाग्रीको स्वस्थकर उत्पादन, विक्री वितरण, उपभोग गर्ने सम्बन्धमा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न, कृषि विकास लगायतका कार्यक्रम संचालन गर्न आवश्यक भएकोले यो कार्यविधि तयार पारिएको छ ।विभिन्न समयमा कृषि उत्पादन महामारीको रुपमा देखा परी ठुलो आर्थिक क्षति पुर्याउने रोगहरु अन्वेषण, अनुसन्धान, पहिचाहन, रोकथाम तथा नियन्त्रण गरी उत्पादन वृद्दि गर्नका लागि यस आरुघाट गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को अधीनमा रही यो कार्यक्रम संचालन कार्यविधि तयार गरी जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम “कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०” रहनेछ ।

ख. यो कार्यविधि आरुघाट गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. “कार्यविधि” भन्नाले आरुघाट गाउँपालिकाद्वारा तयार गरिएको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० सम्झनुपर्छ ।

ख. “गाउँपालिका” भन्नाले आरुघाट गाउँपालिका सम्झनुपर्छ ।

ग. “गाउँकार्यपालिका” भन्नाले आरुघाट गाउँकार्यपालिका सम्झनुपर्छ ।

घ. “कार्यालय” भन्नाले आरुघाट गाउँ कार्यपालिकाको कार्यालय बुझिनेछ ।

ङ. “सरोकारवाला” भन्नाले वडा समिति, विभिन्न कृषक समुहहरु, कृषकहरु, कार्यक्रमहरु र कार्यविधिको आधारमा कार्यान्वयन गरिने क्रियाकलापहरुसंग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सरोकार राख्ने संस्था, व्यक्ति एवं सरकारी निकाय र गाउँपालिका समेत बुझिनेछ ।

च. “कार्यक्रम” भन्नाले यसै कार्यविधि अनुसार गाउँ कार्यपालिकाको कार्यालयद्वारा संचालित एवं अन्य निकायहरुद्वारा संचालित कृषि क्षेत्रसंग सम्बन्धित विभिन्न कार्यक्रमहरु भन्ने बुझिनेछ ।

**कार्यविधिका उदेश्यहरु**

क. यस गाउँपालिका क्षेत्रभित्र कृषि विकासको क्षेत्रमा योगदान पुर्याउने,

ख. गाउँ क्षेत्रभित्र संचालन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुर्याउने,

ग. गाउँपालिकाद्वारा स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयनमा क्षमता विकास तथा सहजता ल्याउने,

घ. निजिफर्म, कृषक समूह, समिति, सहकारीको माध्यमवाट अनुदानका विभिन्न कार्ययोजनाहरु संचालन गर्ने,

ङ. गाउँपालिकाले विनियोजन गरेको विषय र बजेटको अधीनमा रही आफ्नो कार्यक्रम संचालन गर्ने,

च. गाउँपालिकाका १० वटै वडामा कार्यक्रम संचालन गर्न सघाउ पुर्याउने,

छ. कृषकहरुलाई आर्थिक सहयोग र क्षमता विकासका माध्यमबाट गाउँपालिकालाई खाद्यान्न, फलफूल तथा तरकारीमा आत्मनिर्भर गराउन मद्दत गर्ने,

ज. आरुघाट गाउँपालिका वासीलाई रोजगार उन्मुख गरि आयश्रोतमा वृद्धि गर्ने,

## परिच्छेद - २
## रणनीति तथा कार्यक्षेत्र

### १. रणनीति

क. स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयन गर्ने संस्थागत संयन्त्र निर्माण गरी कार्यक्रमको दिगो कार्यान्वयनमा जोड दिइने,

ख. स्थानीय सीप, श्रमको उपभोग गरी स्थानीय स्रोत साधनको परिचालनमा जोड दिइने,

ग. स्थानीय रुपमा कार्यक्रम कार्यान्वयनमा अपनत्व बढाई प्रभावकारीता वृद्धि गर्ने,

घ. सम्पूर्ण वडाहरुका सबै बस्तिहरुमा कृषकहरु बीच आपसी विश्वास, साझेदारी, समन्वय र सहकार्यमा जोड दिदै गाउँपालिकाको कार्यक्रम कार्यान्वयनमा जोड दिईनेछ,

### २. कार्यक्षेत्र

क. यो कार्यविधि आरुघाट गाउँपालिकाका सबै १० वटै वडामा कार्यक्रम कार्यान्वयनमा लागु गर्ने ।

ख. गाउँपालिका अन्तर्गत रहेका सबै कृषि सेवा केन्द्र तथा वडा कार्यालयमा रहेका एक गाउँ एक प्राविधिकहरुद्वारा कार्यान्वयन गरिने सबै कार्यक्रम यसै कार्यविधि अनुसार संचालन गर्ने ।

ग. गाउँपालिका अन्तर्गतका सबै कृषक समुह, सहकारी र अन्य सरोकारवालाको लागि समेत यो कार्यविधि उपयोगी हुनेछ ।

## परिच्छेद - ३
## कार्यक्रम कार्यान्वयन तथा संचालन

### १. एक विद्यालय एक करेसाबारी स्थापना कार्यक्रम

क. यो कार्यक्रम गाउँपालिका भित्रका माध्यमिक विद्यालयमा सन्चालन गरिनेछ । प्राविधिक धार बाली विज्ञान सन्चालित विद्यालयलाई मुख्य प्राथमिकता दिइने र परिक्षणको रुपमा सन्चालन गरिने । कृषि विकास शाखाले सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नेछ । प्राप्त प्रस्ताव उपर आर्थिक विकास समितिमा छलफल गरी विद्यालय छनौट गरिनेछ ।

ख. विद्यालय छनौटका आधारहरु अनुसूची – १ बमोजिमको हुनेछ ।

ग. यस कार्यक्रम अन्तर्गत करेसाबारी सन्चालनको लागि आवश्यक पर्ने संरचना, मौसम अनुसारका बिउ, औजार, उपकरण र आवश्यक प्राविधिक सहयोग कृषि शाखाबाट प्रदान गरिनेछ ।

घ. आवश्यक सामग्री एवम् उपकरणहरु सम्भव भए सम्म सम्बन्धित वडा कार्यालय बाट तथा शाखा बाट वितरण गरिने छ ।

ङ. कार्यक्रम प्रभावकारिताको लागि निरन्तर अनुगमन गरिने छ ।

**२. एक वार्ड — एक नमुना कृषि फर्म स्थापना कार्यक्रम (लागत साझेदारीमा)**

क. यो कार्यक्रम कृषिसँग सम्बन्धित फर्म, कम्पनी, समूह वा सहकारी संस्था मार्फत सन्चालन हुनेछ । कृषक समुह तथा सहकारीबाट कार्यक्रम सन्चालन गर्दा सामुहिक रुपमा खेती तथा व्यवसाय सन्चालन गर्नुपर्नेछ ।

ख. कार्यक्रम संचालनबाट स्थापना हुने व्यवसायिक फार्मको आकार देहाय अनुसार पुग्नुपर्नेछ।व्यवसाय विस्तार गर्ने फार्मको हकमा पनि देहाय अनुसार नै फार्म विस्तार गरिनेछ।

(अ) फलफूल बाली - कम्तीमा ५ रोपनी जग्गामा व्यवसायिक खेती गर्नुपर्नेछ।

(आ) तरकारी/पुष्प खेती - खुला जमिनमा कम्तीमा २ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती हुनुपर्ने। संरक्षित संरचना भित्र खेती गर्ने भएमा एग्रीनेट/हाईटेक /प्लाष्टिक घर कम्तीमा २०० वर्ग मिटर क्षेत्रफलमा निर्माण गरी व्यवसायिक खेती गर्नुपर्नेछ।

(इ) च्याउ खेती - कम्तीमा ५०० वर्गफिट क्षेत्रफलमा स्थायी डोम हाउस निर्माण गरी कन्ये वा गोब्रे च्याउको नियमित उत्पादन गर्नुपर्ने। सिताके च्याउको लागि कम्तीमा २५० मुढामा व्यवसायिक खेती गर्नुपर्नेछ।

(ई) मौरीपालन- कम्तीमा २० मौरी गोला सहितको घारमा व्यवसायिक मौरी पालन गर्नुपर्नेछ।

(उ) अलैंची वाली - कम्तीमा ३ रोपनीमा व्यवसायीक खेती गर्नुपर्नेछ।

(ऊ) कफी, अदुवा तथा बेसार र अन्य नगदेवाली - कम्तीमा २ रोपनीमा व्यवसायीक खेती गर्नुपर्नेछ।

ग. स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

१).व्यवसायिक फार्म स्थापनाका लागि आवश्यक मेशिनरी औजार तथा उपकरण खरिद ।

२) उत्पादनका लागि आवश्यक संरचना निर्माण र सिंचाई व्यवस्थापन ।

३) भर्मिकम्पोष्ट तथा कम्पोष्ट मल उत्पादन कार्य, बीउ तथा बेर्ना खरिद ।

घ. छनौट तथा मूल्यांकनको आधारहरु अनुसूची — २ बमोजिमको हुनेछ ।

ङ. कार्यक्रम प्रभावकारीताका लागि नियमित अनुगमन गरिने छ ।

**३. उन्नत बिउ उत्पादनको लागि प्रोत्साहन कार्यक्रम (मकै र धान)**

क. उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रम उपयुक्तताका आधारमा गाउँपलिका भित्र सञ्चालन हुनेछ। यो कार्यक्रम आरुघाट गाउँपालिकाको कृषि विकास शाखा मार्फत सञ्चालन हुनेछ |

ख. उन्नत बीउ उत्पादनमा सहभागी हुने आवेदकले कम्तीमा ५ रोपनी क्षेत्रफलमा उन्नत बीउ उत्पादन कार्यक्रम गर्नुपर्नेछ ।

ग. मूल्यांकन तथा छनौटका आधारहरु अनुसूची — ३ बमोजिमको हुनेछ ।

घ. उन्नत बीउ उत्पादनमा सहभागी हुन इच्छुक आवेदकलाई गाउँपालिकाले सूचना गाउँपालिकाको कृषि शाखामा, वार्डमा तथा सामाजिक संजाल मार्फत प्रकाशन गर्नेछ र सो समयावधि भित्र माग बमोजिम निवेदन प्राप्त हुन नसकेमा पूनः म्याद थप गरी सूचना प्रकाशन गर्न सक्नेछ । इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि नीजि फार्म/कम्पनि तथा सामुदायिक बिउ बैंकहरुले अनुसूची आवेदन दिनुपर्ने छ । मूल्यांकन र छनौट समितिबाट छनौट भएका आवेदकहरुसँग सम्बन्धित कृषि विकास शाखाले ७ दिनको समयावधि दिई सम्झौता गर्नेछ ।

ङ. सम्झौता भएका आवेदकहरुलाई श्रोत बिउ कृषि शाखाले उपलब्ध गराउनेछ । खडा बाली निरिक्षण गरेको प्राविधिक प्रतिवेदन तस्वीर सहित, बीउ बाली कटानी प्रतिवेदन, बीउ विजन प्रयोगशालाको परिक्षण प्रतिवेदन, यथार्थ संकेत पत्र पद्दतीद्वारा लगाएको ट्याग, स्थानिय तहको सिफारिश, उन्नत बीउ उत्पादनमा विक्रि गर्ने प्रतिवद्धता पत्र र अरु सम्बन्धित निकायबाट सोही कार्यको लागि प्रोत्साहन नलिएको स्वघोषणा पत्रको आधारमा खाद्यान्न बालीमा बढीमा ५०% अनुदानका दरले प्रोत्साहन रकम अनुदानग्राहीको बैंक खातामा जम्मा हुने गरि भुक्तानी गरिनेछ ।

च. बिउ लगायत अन्य आवश्यक औजार, उपकरणहरु, मल तथा सिंचाईको लागि ५०% अनुदान दिइनेछ । उन्नत बिउ उत्पादन पश्चात जम्मा भएको बिउ किसानले आफ्नै पालिका भित्र पूर्ति गर्नेछ र अन्य पालिकामा पनि बिक्री गर्न सक्नेछन् । बिउ बिक्री नभएको खण्डमा समयानुकूल किसानलाई गाउँपालिकाले तोकेको न्यूनतम समर्थन मूल्य (MSP) उपलब्ध गराइनेछ ।

छ. कृषि विकास शाखा, बिउबिजन प्रयोगशालाहरुले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

### ४. आकस्मिक वाली संरक्षण सेवा कार्यक्रम

क. यस कार्यक्रम अन्तर्गत विभिन्न बालीमा आकस्मिक अवस्थामा देखा पर्ने रोग किराको निःशुल्क विषादी वितरण गरिनेछ ।

ख. यस कार्यक्रम संचालन गर्दा यदि रोगकिराको प्रकोप बढ्दै गएमा निःशुल्क रुपमा विषादी छर्ने स्पेयरहरु पनि वितरण गरिनेछ ।

ग. कार्यक्रम प्रभावकारीताका लागि नियमित अनुगमन गरिने छ ।

### ५. कृषि सम्बन्धि बिभिन्न दिवस

क. यस अन्तर्गत देहायका कुनै दिवसहरु गाउँपालिका भित्रको एक स्थानमा संचालन गर्न सकिनेछ।

१. धान दिवश — असार १५ गते

२. राष्ट्रिय कृषक दिवश —जेष्ठ २७ गते

३. विश्व माटो दिवश — Dec 5

४. विषादी दिवश — मङ्सिर २४ गते

**६. नतिजा प्रदर्शन तथा तरिका प्रदर्शन कार्यक्रम (आइ.पी.एम्. कृषक पाठशाला)**

क. यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रको कुनै एक स्थानमा विभिन्न बालीहरुको जातीय परिक्षण, एकीकृत शत्रु जीव व्यवस्थापन, एकीकृत खाद्य तत्व व्यवस्थापन जस्ता तरिका र नतिजा प्रदशन संचालन गरिनेछ ।

ख. कुनै एक कृषक समुह वा सहकारीका कृषकहरुलाई लक्षित गरि यो कार्यक्रम संचालन गरिनेछ ।

ग. कार्यक्रम प्रभावकारीताका लागि नियमित अनुगमन गरिने छ ।

## परिच्छेद — ४
## छनौट प्रक्रिया तथा व्यवस्थापन अनुगमन र मूल्यांकन

**(क) छनौट प्रक्रिया :**

I. रित पुर्वक पेश हुन आएका आवेदनहरुको आधारमा छनौट तथा मूल्यांकन समितिले पेश हुन आएका प्रस्तावहरुलाई प्राथमिकीकरण सम्बन्धित वडा कार्यालयले गाउँपालिकामा छनौटको लागि सिफारिस गरी पठाउनेछ।

II. गत दुई आर्थिक वर्ष भित्र अनुदान लिएको कृषक, व्यवसायिक फर्मले सोही कार्यक्रमको पुनः अनुदान को लागि आवेदन गर्न पाउने छैन।

**(ख) प्रस्तावको मुल्यांकन तथा छनौट :**

वडा कार्यालयबाट आएका प्रस्तावहरु मूल्यांकन गर्ने र छनौट गर्ने उद्देश्य एवम् यस प्रक्रियालाई व्यवस्थापन गर्ने उद्देश्यले गाउँपालिकामा देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| (क)गाउँपालिकाको अध्यक्ष | - संयोजक |
| (ख)गाउँपालिकाको उपाध्यक्ष | - सदस्य |
| (ग) आर्थिक विकास समिति संयोजक वा प्रतिनिधि | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) योजना अनुगमन शाखाका प्रमुख वा प्रतिनिधि | - सदस्य |
| (च) लेखा प्रमुख वा प्रतिनिधि | - सदस्य |
| (छ)कृषि विकास शाखा प्रमुख | - सदस्य सचिव |

**(ग) छनौट भएको सूची प्रकाशनः**

I. मूल्यांकन तथा छनौट समितिबाट निर्णय भई सिफारिस भएका कृषक, कृषक समूह, सहकारी र फर्महरुको सूची प्रकाशन सम्बन्धित शाखाले गर्नेछ ।

II. सम्झौता र कार्यको थालनी गाउँपालिकाले नियम बमोजिम सम्बन्धित लाभग्राही सँग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गर्नेछ । यसको व्यवस्थापन गर्ने जिम्मेवारी कृषि शाखाको हुनेछ ।

**(घ) कार्यक्रम अनुगमन समितिः** आरुघाट गाउँपालिकाद्वारा संचालन गरिने कृषि विकास कार्यक्रम अनुदान कार्यान्वयन प्रभावकारी बनाउनको लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | - संयोजक |
| (ख) आर्थिक विकास समिति संयोजक | - सदस्य |
| (ग) सम्बन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| (घ) योजना अनुगमन शाखाको प्रमुख | - सदस्य |
| (ङ) योजना हेर्ने प्राविधिक | - सदस्य |
| (च) कृषि शाखाको प्रमुख | - सदस्य सचिव |

## परिच्छेद — ५
## भुक्तानी प्रक्रिया

**(क) अनुदान रकम र भुक्तानी प्रक्रियाः**

गाउँपालिकाले निम्न बमोजिमको कागजात पेश भई प्रक्रिया पूरा गरेको खण्डमा अनुदानको भुक्तानी दिनेछ ।

(क) भुक्तानीका लागि निवेदन ।

(ख) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति,

(ग) वडा तथा गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन,

(घ) आवश्यक बिल भरपाई,

(ङ) अनुदान कार्यक्रम संचालन भएको स्थलको फोटोहरु,

(च) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि,

(छ) सम्बन्धित शाखाको कार्य सम्पन्न प्रतिवेदनको सिफारिस।

(ज) कार्यक्रम संचालनको लागि कुनैपनि पेश्की दिइनेछैन ।

**(ख) भुक्तानी दिन बाध्य नहुनेः**

I. अनुसूची - ४ अनुसार सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

II. सम्झौता गरेको आर्थिक वर्षको अन्त्य सम्ममा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद — ६
## विविध

क. कार्यविधि संसोधन तथा परिमार्जन : यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै दुविधा वा बाझिन आएमा सोको व्याख्या गर्ने वा यस कार्यविधि संसोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

ख. खारेजी : कार्यपालिकाले अर्को कार्यविधि लागु गरेको खण्डमा यस कार्यविधि स्वतः खारेजी हुनेछ ।

## अनुसूची -१

### दफा ३, कार्यक्रम संचालन (१) सँग सम्बन्धित

| क्र.स. | छनौटका आधारहरु | १०० अंक |
|---|---|---|
| १. | करेसाबारी परियोजना प्रस्ताव | ४० |
| २. | भौतिक पूर्वाधार जस्तै पानी, विद्यालयको आफ्नै स्वामित्वमा रहेको खेतीयोग्य जग्गा | २० |
| ३. | विद्यार्थीहरुको सङ्ख्या | १० |
| ४. | विद्यालय व्यवस्थापन समितिको प्रतिवद्दता | १० |
| ५. | प्राविधिक धार, बाली विज्ञान (९-१२) संचालित विद्यालय | २० |

## अनुसूची — २

### दफा ३, कार्यक्रम संचालन (२) सँग सम्बन्धित

| क्र.स. | मूल्यांकनका आधार | अंक भार |
|---|---|---|
| १. | **खेती गरिने क्षेत्रफल (उत्पादनको आकार)** | **२५** |
| (क) | व्यवसायको न्यूनतम आकारको लागि (फलफुल खेती — ५ रोपनी वा तरकारी र पुष्प खेती — २ रोपनी/२०० वर्गमिटर क्षेत्रफलको डोम हाउस भित्र खेती वा सिताके च्याउ — २५० मुडामा खेती वा मौरीपालन — २० आधुनिक घारमा मौरीपालन वा अलैंची/चिया — ३ रोपनी क्षेत्रफल वा कफी, अदुवा/बेसार र अन्य नगदे बाली — २ रोपनी = १५ अंक र थप क्षेत्रफलका लागि न्यूनतम आकारमा प्रति १० % ले बृद्दि गरेमा १ अंकका दरले थप गरी अधिकतम २५ अंकसम्म प्रदान गर्ने | २५ |
| २. | **सिंचाई सुविधा** | **१०** |
| (क) | सिंचाईको सुविधा भएको | १० |
| (ख) | सिंचाईको सुविधा व्यवस्था गर्न सकिने | ७ |
| ३. | **प्रतक्ष्य रोजगारी सिर्जना** | **१५** |
| (क) | एकाघरको बाहेक अन्य २ वा २ जना भन्दा बढीलाई रोजगारी दिने | १५ |
| (ख) | एकाघरको बाहेक अन्य १ जनालाई रोजगारी दिने | १२ |
| (ग) | स्वरोजगार | १० |
| ४. | **प्रस्तावित जग्गाको उपयोग** | **१५** |
| (क) | वर्षैभरी जग्गाको उपयोग हुने | १५ |

| | | |
|---|---|---|
| (ख) | वर्षमा जम्मा ४-८ महिना मात्र जग्गा उपयोग हुने | १० |
| (ग) | वर्षमा जम्मा एक सिजन मात्र जग्गाको उपयोग हुने | ५ |
| **५.** | **अनुदानको अवस्था** | **१५** |
| (क) | हालसम्म कुनै पनि अनुदान प्राप्त नगरेको | १५ |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय विस्तारको लागि प्रस्ताव पेश गरेको । | ५ |
| ६. | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजारीकरण लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्यांकन गरी १ देखि २० अंक सम्म प्रदान गर्न सक्ने) | **२०** |
| | **जम्मा** | **१००** |

**अनुसूची - ३**

**दफा ३, कार्यक्रम संचालन (३) सँग सम्बन्धित**

| **क्र.स.** | **छनौटका आधारहरु** | **अंक** |
|---|---|---|
| १. | फर्म दर्ता भएको | **(२०)** |
| | | ३ वर्ष भन्दा अघिकोले २० अंक |
| | | २ वर्ष देखि ३ सम्मकोले १५ अंक |
| | | १ वर्ष देखि २ सम्मकोले १० अंक |
| | | अन्य ५ अंक |
| २. | सम्बन्धित विषयमा तालिम | **(५)** |
| | | ७ दिन भन्दा बढी ५ अंक |
| | | ७ दिन भन्दा कमले ३ अंक |
| ३. | लक्षित वर्ग | **(१५)** |
| | | अति विपन्न, १५ |
| | | सिमान्तकृत दलित तथा जनजाति, १० |
| | | अन्य - ५ |
| ४. | व्यावसायिकरण | **(१०)** |
| | | सामुदायिक — १० |
| | | व्यक्तिगत — ५ |
| ५. | कार्यक्रम सन्चालनको लागि पूर्वाधार | **(२०)** |
| ६. | अनुभव | **(१०)** |

| | | |
|---|---|---|
| ७. | प्रस्तावकको मूख्य पेशा | (२०) |
| | (क) तरकारी खेती | १० रोपनीमा गर्नेलाई २० अंक |
| | | ८ रोपनीमा गर्नेलाई १५ अंक |
| | | ५ रोपनीमा गर्नेलाई १० अंक |
| | (ख) च्याउ खेती | ८ रोपनीमा गर्नेलाई २० अंक |
| | | ६ रोपनीमा गर्नेलाई १५ अंक |
| | | ४ रोपनीमा गर्नेलाई १० अंक |
| | (ग) मौरी पालन | ३० घार पाल्नेलाई २० अंक |
| | | २० घार पाल्नेलाई १५ अंक |
| | | १० घार पाल्नेलाई १० अंक |
| | (घ) आलु खेती | १० रोपनीमा गर्नेलाई २० अंक |
| | | ८ रोपनीमा गर्नेलाई १५ अंक |
| | | ६ रोपनीमा गर्नेलाई १० अंक |
| | (ङ) व्यावसायिक रुपमा टनेलमा तरकारी खेती | व्यावसायिक रुपमा ८ वटा टनेलमा खेती गर्ने कृषकलाई २० अंक |
| | | व्यावसायिक रुपमा ६ वटा टनेलमा खेती गर्ने कृषकलाई १५ अंक |
| | | व्यावसायिक रुपमा ४ वटा टनेलमा खेती गर्ने कृषकलाई १० अंक |
| | (च) खाद्यान्न बाली (धान,मकै,कोदो,गहुँ) | १५ रोपनीमा खेती गर्नेलाई २० अंक |
| | | १० रोपनीमा गर्नेलाई १५ अंक |
| | | ८ रोपनीमा गर्नेलाई १० अंक |
| | (छ) नगदे बाली (अलैची,अदुवा,वेसार) | १५ रोपनीमा गर्नेलाई २० अंक |
| | | १२ रोपनीमा गर्नेलाई १५ अंक |
| | | ८ रोपनीमा गर्नेलाई १० अंक |

## अनुसूची — ४

## व्यावसायिक फार्म सन्चालनको लागि सम्झौता पत्रको नमूना

श्री आरुघाट गाउँपालिका ..................... शाखा र (यस पछी पहिलो पक्ष भनिने) र गोरखा जिल्ला आरुघाट गाउँपालिका वडा नं ..... मा स्थापना भएको श्री ......................... का अध्यक्ष (यस पछी दोश्रो पक्ष भनिने) विच साझेदारी/सहकार्यमा आ.व. २०८०/०८१ को स्वीकृत व्यवसायीक फार्म स्थापना सहयोग कार्यक्रम आरुघाट गाउँपालिका वडा नं. ....... मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं र दियौं ।

कार्यक्रमको नाम :

<u>तपसिल :</u>

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार ....................... व्यवसाय (व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्ने छ । यसरी स्थापना गरिने व्यवसायीक फार्मको कुल लागतको बढिमा रु. ............... अक्षेरुपी ................ रकम अनुदान स्वरूप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. कार्य सम्पन्न पश्चात कार्य योजना/सम्झौता अनुसारको काम सकिए पछि मात्र अनुदान रकम एकमुस्ट उपलब्ध गराइने छ ।

४. लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ ।

५. सम्झौता भएको मितिले १५ दिन भित्र व्यक्ति तथा व्यावसायिक फार्म स्थापनाको लागत ईष्टिमेट/कार्ययोजना अनुसार कार्य सुरु गरिसक्नु पर्नेछ। यदि कार्य सुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

६. दोश्रो पक्षले यहि २०८... साल .......... महिना ..... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

७. दोस्रो पक्षले लागत ईष्टिमेट/कार्ययोजना अनुसारका क्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।

८. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

९. दोस्रो पक्षले कार्यक्रम संचालन भएको स्थानमा अनुदान रकम र लागतन साझेदारी सहितको विस्तृत विवरण झल्कने गरी सबैले देखिने स्थानमा होडीङ बोर्ड राख्नुपर्ने छ ।

**प्रथम पक्षको तर्फबाट**

नाम थर :

पद :

कार्यालयको छाप :

मिति :

**दोस्रो पक्षको तर्फबाट**

नाम थर :

पद :

संस्थाको नाम र छाप :

मिति :

**रोहवर**

नाम थर :

पद :

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत